फोन नं. ०६१-४६५५३६
०६१-४६५५५६
ईमेल:mopid@gandaki.gov.np

गण्डकी प्रदेश सरकार
# भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पोखरा, नेपाल

गण्डकी प्रदेश सरकार भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय पोखरा, नेपाल

प.सं. : २०८१/०८२
च.नं. ३४६

मितिः-२०८१/०६/२२

श्री पूर्वाधार विकास निर्देशनालय, पोखरा
श्री भवन तथा शहरी विकास कार्यालय, कास्की
श्री पूर्वाधार विकास कार्यालय (सबै), गण्डकी प्रदेश।

विषयः मापदण्ड पठाईएको सम्बन्धमा।

प्रस्तुत विषयमा आ.ब. २०८१/०८२ को वार्षिक विकास कार्यक्रममा उल्लेख भएका अवण्डा ख.शी.नं. मा भएका योजना कार्यान्वयन गर्नका लागि **"क्रियाकलापमा विनियोजित एकमुष्ट बजेट बाँडफाँड सम्बन्धी मापदण्ड, २०८१"** मिति २०८१/०६/२२ गतेको (मा. मन्त्रीस्तरीय) निर्णय अनुसार स्वीकृत गरी पठाईएको व्यहोरा निर्देशन अनुसार अनुरोध छ ।

२०८१/०६/२२

...................................
(जीवबहादुर बस्याल)
कानून अधिकृत

कानुन अधिकृत

# क्रियाकलापमा विनियोजित एकमुष्ट बजेट बाँडफाँड सम्बन्धी मापदण्ड, २०८१

गण्डकी प्रदेश सरकार

## भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

पोखरा

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पोखरा, नेपाल

मानानीय मन्त्रीस्तरबाट स्वीकृत मिति २०८१।०६।२१ गते

# क्रियाकलापमा विनियोजित एकमुष्ट बजेट बाँडफाँड सम्बन्धी मापदण्ड, २०८१

प्रस्तावना: मन्त्रालय वा अन्तर्गत कार्यालयहरुमा रहेको बाढी पहिरोबाट क्षतिग्रस्त सडक, झोलुंगेपुल, सडक पुलको आपतकालिन पुनर्स्थापना कार्य गर्न, बातावरणीय अध्ययन प्रतिवेदन तयार गर्न, पुँजीगत अनुसन्धान तथा परामर्श सम्बन्धी कार्य गर्न, सडकको नियमित मर्मत-सम्भार गर्न, सरकारी भवन मर्मत सम्भार र निर्माण गर्न तथा सामुदायिक भवन निर्माण तथा मर्मत सम्भार गर्न, भवन तथा शहरी सडकको डि.पि.आर. निर्माण तथा अन्य पुँजीगत परामर्श समेत कार्य गर्नका लागि विनियोजित एकमुष्ट बजेट वाडफाँड गर्ने कार्यलाई प्रभावकारी, पारदर्शी र नतिजामुलक बनाउन वाञ्छनीय भएकाले,

बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो मापदण्ड बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस मापदण्डको नाम "क्रियाकलापमा विनियोजित एकमुष्ट बजेट वाडफाँड सम्बन्धी मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड मन्त्रालयले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "एकमुष्ट बजेट" भन्नाले स्वीकृत वार्षिक विकास कार्यक्रम तथा आयोजनामा समावेश भएका बाँडफाँड गर्न बाँकी रहेको रकम सम्झनुपर्छ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतका कार्यालय तथा आयोजना कार्यालय सम्झनु पर्छ।

(ग) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गत रहेको पूर्वाधार विकास निर्देशनालयलाई सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय सम्झनु पर्छ।

## परिच्छेद-२
## क्रियाकलापमा विनियोजित एकमुष्ट बजेट बाँडफाँड तथा स्वीकृति

३. बाँडफाँड गर्नुपर्ने बजेट शीर्षक: एकमुष्ट बजेट बाँडफाँड गर्नुपर्ने रकम खर्च शीर्षक देहाय अनुसार हुनेछ:-

(क) खर्च शीर्षक नम्बर ३११५१:बाढी, पहिरोबाट क्षतिग्रस्त सडक, झोलुंगे पुल, सडक पुलको आपतकालीन पुनर्स्थापना कार्यको रकम,

(ख) खर्च शीर्षक नम्बर ३११५१:बाढी, पहिरोबाट क्षतिग्रस्त पूर्वाधार संरचना, आकस्मिक तथा तत्काल मर्मत सम्भार गर्ने कार्यको रकम,

(ग) खर्च शीर्षक नम्बर ३१११२:सरकारी भवन मर्मत सम्भार तथा निर्माणको रकम,

(घ) खर्च शीर्षक नम्बर ३११६१: सरकारी तथा सामुदायिक भवन निर्माण तथा मर्मत सम्भार कार्यको रकम,

(ङ) खर्च शीर्षक नम्बर ३११७२:वातावरणीय अध्ययन प्रतिवेदन तयारीको रकम,

(च) खर्च शीर्षक नम्बर ३११३५:पुँजीगत अनुसन्धान तथा परामर्शको रकम,

(छ) खर्च शीर्षक नम्बर ३११५१:जिल्लाका महत्वपूर्ण प्रादेशिक सडकहरूको सडक हेरालुबाट नियमित मर्मत सम्भार गर्ने कार्यको रकम,

(ज) खर्च शीर्षक नम्बर ३११७२:विभिन्न झोलुंगे पुलहरूको विस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर.) तयारी गर्ने कार्यको रकम,

(झ) खर्च शीर्षक नम्बर ३११५१: सडक हेरालुबाट नियमित सडक मर्मत सम्भार गर्ने, कालोपत्रे तथा ग्रावेल सडक, अन्य संरचना सतह मर्मत गर्ने कार्यको रकम,

(ञ) खर्च शीर्षक नम्बर ३११७२: भवन तथा शहरी सडक डि.पि.आर. निर्माण तथा अन्य पुँजीगत परामर्श कार्यको रकम,

४. निवेदन संकलन गर्न सक्नेः(१) दफा ३ मा उल्लेखित खर्च शीर्षक नम्बरमा रहेका क्रियाकलापहरुको बाँडफाँटका लागि सम्बन्धित कार्यालय तथा निर्देशनालयले सरोकारवाला स्थानीय तह तथा सम्बन्धित स्थानीय नागरिकसँग समन्वय गरी निवेदन संकलन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन संकलन गर्दा स्थानीय तहको सिफारिस पेस गर्नुपर्नेछ।

तर सरकारी भवन निर्माण तथा मर्मत सम्भारको हकमा मात्र सम्बन्धित कार्यालयको सिफारिस साथ पेस गर्नुपर्नेछ।

प्रदेश सचिव

५. <u>निवेदन स्वीकृत गर्न सक्ने: (१)</u> दफा ४ बमोजिम प्राप्त निवेदन उपर कार्यक्रमको सम्भाव्यता, उपयुक्ततता, औचित्यतता, प्राथमिकता र आवश्यकताका आधारमा कार्यालयले जाँचबुझ गरी सिफारिस साथ स्वीकृतिका लागि निर्देशनालयमा पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुन आएका कार्यक्रम माग भएका निवेदनको जाँचबुझ गरी स्वीकृत गर्न उपयुक्त देखेमा स्वीकृतिका लागि सिफारिस सहित निर्देशनालयले मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निर्देशनालय मार्फत स्वीकृतिका लागि सिफारिस भएका मन्त्रालयले उपयुक्तताको आधारमा स्वीकृत गर्न सक्नेछ।

(४) यस मापदण्ड बमोजिम क्रियाकलापमा विनियोजित एकमुष्ट बजेट जेठ मसान्तभित्र बाँडफाँड गरिसक्नु पर्नेछ।

तर विपद् तथा आपतकालीन परिस्थितिको व्यवस्थापनका लागि मन्त्रालयले जुनसुकै समयमा कार्यालयको सिफारिसमा कार्यक्रम स्वीकृत गर्न सक्नेछ।

६. <u>न्यूनतम रकमको सीमा तोक्न सक्ने:</u> मन्त्रालयले दफा ५ बमोजिम संकलित तथा स्वीकृत भएका कार्यक्रमको रकम न्यूनतम रु.एकलाख भन्दा कम रकमका कार्यक्रम स्वीकृत गर्न सक्नेछैन।

## परिच्छेद-३

## विविध

७. <u>अधिकार प्रत्यायोजन गर्न सक्ने:</u> मन्त्रालयले यस मापदण्डमा उल्लेखित आफुलाई प्राप्त अधिकार मध्ये कुनै अधिकार मातहतका निकाय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

८. <u>मापदण्ड संशोधन गर्न सक्ने:</u> मन्त्रालयले आवश्यक देखेमा यो मापदण्डमा आवश्यक संशोधन गर्न सक्नेछ।

९. <u>बचाउ:</u> यस मापदण्ड स्वीकृति हुनु भन्दा अगाडि भए गरेका क्रियाकलाप यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

प्रदेश सचिव